बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

भाग-२

खण्डः६, संख्याः १ मितिः२०७९/०४/२६

## "बारबर्दिया नगरपालिकाको गौ नन्दी नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७९"

**प्रस्तावनाः** नेपालको संबिधानको धारा ९ (३) मा नेपालको राष्ट्रीय जनावर गाई हुनेछ भन्ने व्यवस्था भएको र गाईलाई हिन्दुहरुले परम्परागत रुपमा गौमाताको रुपमा धर्मिक कार्यहरुमा पुजाआजा गर्दै आइरहेको हुँदा गौ नन्दीहरुको संरक्षण तथा व्यवस्थापन र पशु अधिकारको संरक्षण, सम्वर्द्रन तथा मानबीय कार्यहरुबाट पशुपन्छीहरुमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जैबिक विविधता कायम गर्न बारबर्दिया नगरपालिका क्षेत्रभित्र सामुदायीक छाडा तथा वेवारिसे छोडिएका गौ नन्दीको उचित रेखदेख र संरक्षण व्यवस्थापन गर्न गौशालाको स्थापना गरी सञ्चालन गर्न वान्छनीय देखिएकोले,

**स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकारको प्रयोग गरी बारबर्दिया नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।**

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"बारबर्दिया नगरपालिकाको गौ नन्दी संरक्षण तथा व्यवस्थापन कार्यविधि २०७९"** रहेकोछ ।

(२) यो कार्यविधि बारबर्दिया नगरपालिका नगरकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषा:</u> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"ऐन"** भन्नाले **स्थानीय सरकार संचालन ऐन २०७४** लाई सम्झनु पर्छ ।

(ख) **"नगरपालिका"** भन्नाले **बारबर्दिया नगरपालिका**लाई सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले बारबर्दिया नगरपालिकाको **नगरकार्यपालिका**लाई सम्झनु पर्छ

(घ) **"कार्यालय"** भन्नाले बारबर्दिया नगरपालिका **नगरकार्यपालिका**को कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) **"सभा"** भन्नाले नगरपालिकाको **नगरसभा**लाई सम्झनु पर्दछ ।

(च) **"प्रमुख"** भन्नाले बारबर्दिया नगरपालिकाको **नगरप्रमुख** लाई सम्झनु पर्छ ।

(छ) **"उपप्रमुख"** भन्नाले बारबर्दिया नगरपालिकाको **उपप्रमुख** लाई सम्झनु पर्छ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बारबर्दिया नगरपालिकाको **प्रमुख प्रशासकीय अधिकृत** लाई सम्झनु पर्छ ।

(झ) **"गौ नन्दी"** भन्नाले वेवारिसे रुपमा नगरपालिका क्षेत्रमा छाडिएका **गाई, गोरु, बाच्छा, बाच्छी, लगायतका अव्यवस्थित रुपमा छाडिएका पशु चौपायाहरु**लाई सम्झनु पर्दछ ।

(ञ) **"गौशाला"** भन्नाले गौ नन्दीहरुलाई व्यवस्थित रुपमा पालनका लागि नगरपालिका क्षेत्र भित्र नगरपालिकाले तोकि **ब्यवस्थित रुपमा निर्माण गरिएको स्थान/स्थल**लाई सम्झनु पर्छ ।

(ट) **"संरक्षक"** भन्नाले गौ नन्दी संरक्षण र व्यवस्थापन गर्ने अभियानमा लाग्नु भएका गौ नन्दी व्यवस्थापन समितिले निर्णय गरि तोकिएको **गौ प्रेमी साधु,महन्त र गुरु**हरुलाई सम्झनु पर्दछ ।

(ठ) **"पशु चिकित्सक"** भन्नाले पशु चिकित्सा बिषयमा स्नातक गरी नेपाल पशु/चिकित्सा परिषदमा दर्ता भएको वा बारबर्दिया नगरपालिका **पशु सेवा शाखाको शाखा प्रमुख /पशु चिकित्सक**लाई सम्झनु पर्दछ।

(ड) **"प्राविधिक"** भन्नाले १८ महिने जेटिए भेटेनरी वा जेटिए कोर्ष अध्ययन गरेकोलाई प्राबिधिकलाई सम्झनु पर्छ।

(ढ) **"पशु बिकाश अधिकृत"** पशु चिकित्सा बिषयमा स्नातक उत्तिण वा बारबर्दिया नगरपालिकाको **पशु सेवा शाखाको पशु विकास अधिकृत**लाई सम्झनु पर्दछ ।

(ण) **"कृषि विकास अधिकृत"** बारबर्दिया नगरपालिका **कृषि शाखाको कृषि विकास अधिकृत**लाई जनाउँछ।

(त) **"कृषि प्राविधिक"** भन्नाले बारबर्दिया नगरपालिका **कृषि शाखाको प्राविधिक**लाई सम्झनु पर्दछ।

(थ) **"वडा अध्यक्ष"** भन्नाले सम्बन्धित वडा बाट निर्वाचित **वडा अध्यक्ष** लाई सम्झनु पर्छ ।

(द) **"सचिव"** भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतका **वडाका सचिव** लाई सम्झनु पर्छ ।

(ध) **"समिति"** भन्नाले कार्यविधि बमोजिम गठित **परिच्छेद-४** बमोजिम **पशुपालक तथा व्यवस्थापन समिति** लाई जनाउँछ ।

(न) **"अनुगमन तथा समन्वय समिति"** भन्नाले बारबर्दिया नगरपालिकमा गठित **गौ नन्दी संरक्षणका लागि गठन भएको अनुगमन तथा समन्वय समिति**लाई सम्झनु पर्छ ।

(प) **"वडा समिति"** भन्नाले वडामा निर्वाचित **वडा सदस्यहरु** रहेको वडासमिति लाई जनाउँछ ।

## परिच्छेद-२

## गौ नन्दी व्यवस्थापन समिति

३ बारबर्दिया नगरपालिकाको क्षेत्रमा रहेको गौ नन्दी व्यवस्थापनका लागि देहाय बमोजिम नगरपालिका स्तरीय व्यवस्थापन समिति रहनेछ । त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधीकारी संयोजक तथा सदस्य रहनेछन ।

क) नगरपालिकाको उपप्रमुख - संयोजक

ख) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

ग) संयोजकले तोकेको १ महिला सहित २ जना कार्यपालिका सदस्य - सदस्य

घ) नगरपालिकामा कार्यरत कृषि सेवा प्राविधिक - सदस्य

ङ) पशु सेवा अधिकृत वा पशु सेवा प्राविधिक - सदस्य सचिव

व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार गौ शाला व्यवस्थापन समितिको संरक्षक र नगरपालिकाका पदाधीकारी तथा कर्मचारी र अन्य संघ/संस्थाको पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**४. गौ नन्दी नियन्त्रण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

(क) गौ नन्दी व्यवस्थापनका लागि नीति तथा योजनाको तर्जुमा गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र समुदायले छोडिएका गौ नन्दीहरुलाई नगरपालिका क्षेत्र भित्र गौशाला तथा चरन क्षेत्र तोक्ने ।यसरी चरण क्षेत्र तोक्दा सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको समन्वयमा वन कार्यालयको सहमति लिनु पर्नेछ ।बन क्षेत्रको हानी नोक्सानी नहुने गरि चरण गराउनु पर्ने खालको प्रतिवद्दता सम्बन्धित पक्ष/समिति संग गर्ने गराउने गर्नु पर्दछ ।

(ग) नगरपालिका क्षेत्र भित्र समुदायले पालेका घरपालुवा र गौ नन्दीहरुको तथ्याकं (लगत) संकलन गरी अद्यावधिक गर्ने र वडा समितिहरुलाई सो कार्यमा सक्रिय गराउने । वडा समितिले यो कार्यविधि लागु भएको ३ महिना भित्र आ-आफ्नो वडा भित्र रहेका पशुहरुको एकीन तथ्यांक तयार गरी वडा कार्यालयमा पेश गर्न लगाउने ।

(घ) चौपायाहरुको तथ्याकं(लगत) संकलन गरी घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्था मिलाउने ।

(ङ) समितिले छाडा पशु चौपाया पालनका लागि लाग्ने लागत, पूर्वाधार लगायतका आवश्यकताहरुको पहिचान गरी कार्यान्वयन गराउने ।

(च) समुदायलाई आफ्नो गाइबस्तुहरु आफनै गाइगोठ बनाई पालन पोषण गर्ने पशु बिमा लगायतका कार्यहरु गर्ने र दुधजन्य बस्तुको उत्पादन कार्यलाई प्रोत्साहित गर्ने , बजारिकरणको ब्यवस्था गर्ने ,गोठसुधार ,डालेघाँस /भुई घाँस उत्पादन गर्नलाई निर्देशन गर्ने ।

(छ) समुदायले गौ नन्दी खुला नछाडन निर्देशन गर्ने ।

(ज) पशु चौपायाको लागि आपतकालिन उपचार कक्षको ब्यवस्थापन गर्ने ।

(झ) पशु चौपायाको लागि आवस्यक प्राथमिक उपचार बक्सको व्यवस्था भए नभएको अनुगमन गरि निर्देशन दिने ।

(ञ) समुदायको ब्यक्ति /परिवारले आफूसंग भएको पशु चौपाया पालनपोषण गर्न नसक्ने उचित आधार कारण देखाई गौ शाला राख्न अनुरोध गरेमा उपयुक्त निर्णय लिने ।

## परिच्छेद-३

## वडा स्तरीय समिति

**५. गौ नन्दी व्यवस्थापनका लागि देहाय बमोजिमको वडा स्तरीय समिति रहनेछ ।**

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरु - सदस्य

(ग) सम्बन्धित वडाको कार्यपालिकामा प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य - सदस्य

(घ) वडा सचिव - सदस्य

(ङ) सम्बन्धित वडा हेर्ने कृषि प्राविधिक - सदस्य

(च) सम्बन्धित वडा हेर्ने पशु सेवा प्राविधिक - सदस्य सचिव

उपरोक्त बमोजिमको समितिको बैठकमा वडास्तरका सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**६. वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) आफ्नो वडा भित्रका पशुपालन कृषकलाई गौ नन्दीलाई व्यवस्थित रुपमा पाल्न र प्रेरित गर्ने र यदि छाड्ने कृषकको पहिचान गरी जनचेतना जगाई पाल्न प्रेरित गर्ने।

(ख) वडा भित्र छाडा छोडिएका पशु व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान तथा ब्यवस्थापन गर्ने ।

(ग) यस कार्यविधि बमोजिम नगरपालिकास्तरीय गठित गौ नन्दी व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्ने ।

(घ) पशु चौपायाहरु एक वडा बाट अर्को वडामा वा नगरपालिका बाहिर अन्यत्र बिक्री वितरण वा स्थानान्तरण गर्दा वडा समितिको सिफारिस अनुसार गर्ने गराउने व्यवस्था मिलाउने ।

(ङ) नगरपालिका क्षेत्र भित्र वेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रण लिई नगरपालिका बाट पालन क्षेत्र/गौशाला क्षेत्र भनि तोकिएको क्षेत्रमा लिने लैजाने व्यवस्था मिलाउने ।

च) वडा भित्रका निजि गौ-नन्दीको पालन पोषण,दाना,घाँस लगायतका पोषण सहितको व्यवस्थापन गर्न निर्देशन गर्ने ।

## परिच्छेद -४

## सदस्यता

**७. सदस्यहरुको बर्गिकरणः**

**गौशाला व्यवस्थापन समितिमा देहाय बमोजिम ३ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छः**

**क) साधारण सदस्यः**

यस कार्यबिधिको दफा ८ बमोजिम योग्यता पुगेको गौ नन्दी व्यवस्थापनमा आवद्द भई नगरपालिका भित्र बसोबास गर्ने कुनै पनि स्थानिय नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा समितिको सदस्यता प्राप्त गर्ने व्यक्ति/ संस्थाहरु साधारण सदस्य हुने छन् ।

**ख) मानार्थ सदस्यः**

१. समितिलाई आवश्यक सल्लाह सुझाव दिनको लागि समाजमा मान प्रतिष्ठान कमाएका गौ नन्दी व्यवस्थापनमा आवद्द भएको समितिको उन्नती प्रगतिको लागि निरन्तर चिन्तन मनन गरिरहने व्यक्तिलाई कार्य समितिको साधारण बहुमतले मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । मानार्थ सदस्यता वापत कुनै शुल्क लाग्ने छैन र मानार्थ सदस्यले बार्षिक रुपमा सदस्यता नविकरण गर्नु पर्ने छैन ।

२. मानार्थ सदस्यको कार्य समितिमा मताधिकार हुने छैन ।

**ग) आजीवन सदस्यः**

समितिको सदस्यता प्राप्त गर्न योग्य व्यक्तिले संस्थालाई एकमुष्ट रु. ५,०००/- (पाँच हजार) प्रदान गर्ने यस कार्यबिधि बमोजिम समितिको सदस्यता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिलाई कार्य समितिले निर्णय गरी संस्थाको आजिवन सदस्यता प्रदान गर्न सक्ने छ । आजिवन सदस्यले आफ्नो सदस्यता नविकरण गर्नु पर्ने छैन । आजिवन सदस्यलाई साधारण सदस्यलाई प्राप्त हुने मताधिकार लगायतका सम्पुर्ण अधिकार प्राप्त हुनेछन ।

## ८. समितिको सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः

गौशाला व्यवस्थापन समितिको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछः

क) बारबर्दिया नगरपालिका भित्र बसोबास गरेको स्थानिय नेपाली नागरिक भएको ।

ख) २५ वर्ष उमेर पुरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतनदेखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

च) प्रचलित नेपाल सरकारको कानून अनुसार विधिवत दर्ता भएको (संस्थाको हकमा)

## ९. समितिको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः

देहायको अवस्थामा कुनै व्यक्ति समितिको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) नगरपालिका भन्दा बाहिर बसोबास गरेको ब्यक्ति र गैर नेपाली नागरिक ।

ख) २५ वर्ष उमेर पुरा नगरेको ।

ग) मगज विग्रेको वा बौलाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनाबिना गरेको ठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको

च) सम्बन्धित समितिको व्यवसायमा नीजि स्वार्थ भएको ।

छ)　साहुको दामासाहीमा परेको ।

ज)　कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको ३ वर्ष भित्र ।

झ)　सदस्यता शुल्क वा अन्य शुल्क बुझाउन बाँकी रहेको ।

**१०.　सदस्यताको समाप्तिः**

१　देहायको अवस्थामा कुनै व्यक्ति समितिको पदमा रहने छैन ।

क)　यस कार्यबिधिको दफा ९ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख)　साधारण सभाको दुई तिहाईको सदस्यहरुका बहुमतले समितिको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग)　सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ)　समितिको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा

ङ)　यस कार्यबिधि वमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च)　सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ)　समिति विघटन भै खारेज भएमा ।

ज) प्रचलित नेपाल सरकारको कानून अनुसार विधिवत दर्ता नभएको (संस्थाको हकमा)

२.　कुनै व्यक्ति समितिको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि समितिले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद् पेश गर्ने मौका दिइने छ ।

प्रचलित नेपाल सरकारको कानून अनुसार विधिवत दर्ता भएको (संस्थाको हकमा)

**११.　सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

यस कार्यबिधिको दफा ७ बमोजिमको सदस्यहरुले देहाय वमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछ ।

१.　**साधारण सदस्यः-**

क)　साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले प्रवेश शुल्क बापत रु. १००/- र बार्षिक शुल्क बापत रु. १००/- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख)　त्यस्ता साधारण सदस्यले बार्षिक नविकरण शुल्क रु. ५० /-बुझाउनु पर्नेछ ।

साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्षको असार महिनाको मसान्तभित्र नविकरण गराइ सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

२.　**मानार्थ सदस्यः**

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

३. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।

४. सवै सदस्यहरुले यस कार्यबिधि अन्तरगत बनेको नियम र विनिमय वमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्ने ।

५. समितिले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढांचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद ५
## साधारण सभा सम्बन्धि व्यवस्था

**१२ साधारण सभाको गठनः-**

१. गौशाला व्यवस्थापन समितिको कार्यबिधिको दफा ८ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु समितिको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा समितिको सर्वोच्च अंग हुनेछ ।

२. **समितिको साधारण सभा, देहाय बमोजिम हुनेछ ।**

**क) वार्षिक साधारण सभाः** वर्षको एक पटक वार्षिक साधारण सभा बस्ने छ ।

**ख) विशेष साधारण सभाः** समितिको कूल सदस्य संख्याका १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. समितिको प्रथम वार्षिक साधारण सभा समिति स्थापना भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ । त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६ (छ) महिना भित्र गरिने छ ।

४. समितिको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्यरुपले सूचना दिइनेछ ।

५.उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा कार्यबिधिको दफा १८ वमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिइ पुनः साधारण सभा बोलाइने छ ।

६.साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१३. साधारण सभाको काम कर्तव्य र अधिकारः-** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ)समितिको बार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) गौ शाला व्यवस्थापन समितिको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समिति पदाधिकारीहरुको कार्यबिधि बमोजिमका प्रक्रिया अन्तरगत रहि निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका कार्यबिधि संशोधन , नियम तथा विनिमय स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम-कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ) समितिको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने

**१४. पद त्याग गर्न सक्नेः** अध्यक्षले कुनै कारण देखाई अध्यक्ष पदबाट राजीनामा दिनु परेमा समितिका उपाध्यक्ष मार्फत कार्यसमितिमा र अन्य पदाधिकारी र सदस्यहरुले अध्यक्ष मार्फत राजिनामा दिई पद त्याग गर्न सकिने छ ।

## परिच्छेद-६

## गौशाला व्यवस्थापन समिति

**१५. नगरपालिकाले गौ नन्दी पशु चौपायाको व्यवस्थापन गर्न एक गौशाला व्यवस्थापन समिति हुनेछ ।**

(क) संरक्षक - १ जना

(ख) अध्यक्ष - १ जना

(ग) कोषाध्यक्ष - १ जना

(घ) सचिव - १ जना

(ङ) सदस्यहरु - ४ जना

समितिको आवस्यकतानुसार डिभिजन बन कार्यालय,सामुसायिक वन,मध्यवर्ति वन,राष्ट्रीय निकुन्ज,मिडिया र गौ व्यवस्थापनमा आवस्यक योगदान पुर्याएको ब्यक्ति र स्थानीय सरकारको जनप्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१६. गौशाला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(क) संरक्षकको काम गौ नन्दीको महत्व फाइदा साथै जनचेतना सम्बन्धी कार्यक्रम गरी गौ नन्दी पालनमा प्रेरित गर्ने,

ख) चरन क्षेत्रको व्यवस्थापन गर्ने,

(ग) गौ नन्दीको लागि आहारको व्यवस्थापन गर्ने,

(घ) पशु स्वास्थ्य सम्बन्धी समस्या देखा परेमा वडा/पशु सेवा केन्द्रमा जानकारी गराउने,

(ङ) गौशालामा कार्यरत कर्मचारीहरुको कार्यविवरण अनुरुप कामकाजमा खटाउने,

(च) नगरपालिका बाट तोकिए बमोजिम चरन क्षेत्र/गौशाला क्षेत्रमा तारबार, घेरावार गर्ने, पशु आहारका लागि आवश्यक घाँस, डाले घाँस रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था का साथै वातावरणको प्रतिकुल प्रभाव नपर्ने गरी व्यवस्थापन गर्ने।

(छ) चरन क्षेत्र/गौशालामा चरन नभएको नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालन गर्ने संस्था/व्यक्तिलाई आवश्यक व्यवस्था मिलाउन सहयोग गर्नुका साथै वातावरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने।

(ज) गौ नन्दीको पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता बमोजिम व्यवस्था मिलाउने । तर नगरपालिकाले आफै व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति सेवा करारमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(झ) नगरपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिबाट तोकी जिम्मेवारी पाएको सदस्यले सो गौ नन्दी चौपायाहरुको रेखदेख र पालन गर्ने जनशक्तिलाई परिचालन गर्नु पर्नेछ ।

(ञ) नगरपालिका आफै व्यवस्थापन गर्नु पर्ने अवस्थामा नगरपालिकामा जनशक्ति उपलब्ध भएको अवस्थामा सोही स्तरको उपलब्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

(ट) पशुपालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजबस्तु विक्री वितरण समितिले आवस्यक निर्णय बमोजिम गर्नेछ र सो बिक्रि बितरणबाट प्राप्त आम्दानी रकमलाई गौशाला ब्यवस्थापन समितिले गौशाला ब्यवस्थापनका बिभिन्न कार्यमा लगाउन सक्नेछ । पशु चौपायाको गोबरमललाई समितिले आवस्यक उपयुक्त स्थानमा लगाउनेछ र बिक्रि बितरण समेत गरि प्राप्त हुन आएको रकमलाई समितिले गौशाला ब्यवस्थापनका कार्यमा उपयुक्त निर्णय गरि लगाउन सक्ने छ ।

(ठ) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनिक, सरकारी वन, पर्ती जमिन, सामुदायिक वन, खोला नदी किनार, तटीय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने। जग्गा लिजमा लिई नगरपालिकाले त्यसको व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ड) तोकिएको अन्य कार्य गर्ने, गराउने ।

(ढ) नगरपालिकाले गौ नन्दी व्यवस्थापन कार्य गर्न इच्छुक भएको सरकारी गैरसरकारी संस्था,सहकारीलाई समय सिमा तोकी सार्बजनिक सूचना आव्हान गर्न सकिने छ।

(ण) यसरी सूचनाका आधारमा पर्न आएका सरकारी गैरसरकारी संस्था, सहकारीलाई उत्पादन उध्योग र गौ नन्दी व्यवस्थापन गर्ने शर्तनामा गराई वडा / नगरपालिकाले आन्तरिक आय हुने गरी सम्झौता गराइ जिम्मेवारी दिइने छ ।

(त) गोबर/प्राङ्गारिक मल उत्पादन केन्द्र संचालन गरी नगरपालिकाको आयमा बृद्दि गर्ने ।

(थ) नगरपालिकाले वा नगरपालिकाले कुनै सहकारी संस्था संगको लागत साझेदारीमा दुध डेरी उध्योग संचालन गर्न सकिने छ ।

(द) समितिको कार्यकाल ३ बर्षको हुनेछ ।

**१७. अन्य समितिहरुः**

१. यस ब्यवस्थापन समितिको परिधि भित्र रहेर समितिको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्ने छ । यसरी गठन भएका अन्य समति वा उपसमितिहरुको अन्य कार्य समितिले तोकीदिएको बमोजिम हुनेछ । तर यस्ता अन्य समिति वा उप समितिहरुको गठन केन्दिय समितिको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकीदिए बमोजिम हुनेछ ।

**१८. गणपुरक संख्याः**

१. कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन

२. तर कार्यबिधिको दफा १३ मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

३. तेस्रो पटक पनि ५१ प्रतिशत नै हुनु पर्ने ।

**१८ समितिको बैक खाता संचालन र लेखा परिक्षणः** गौशाला व्यवस्थापन समितिको एक बैंक खाता हुने छ । उक्त खाता समितिका अध्यक्ष,कोषाध्यक्ष र सचिब मध्ये कुनै दुईको संयुक्त दस्तखतबाट संचालन हुने छ र समितिको मासिक/बार्षिक कार्यको प्रगति प्रतिबेदन सम्बन्धित वडा कार्यालय र बारबर्दिया नगरपालिकामा पेश गर्नु पर्नेछ र समितिले राखेको कारोबारको लेखा बारबर्दिया नगरपालिकामा सूचिकृत दर्तावाला लेखापरिक्षकबाट हुनेछ ।समितिको खातामा निम्न बमोजिमका बिषयका रकमहरु जम्मा हुनेछन।

(क) गोबरमल, पञ्चकव्य बिक्रिबाट प्राप्त रकम

(ख) गौ नन्दी आहारकोलागि स्थानिय सरकारले उपलब्ध गराएको रकम।

(ग) गौ नन्दीको स्याहार र रेखदेख गर्न राखिने हेरालु मानिसको तलब लागि स्थानिय सरकारले उपलब्ध गराएको रकम

(घ) बिभिन्न संघ/संस्थाबाट प्राप्त रकम

(ङ) पशु चौपाया बिक्रिबाट प्राप्त रकम

(च) संघ/प्रदेश/स्थानीय सरकारबाट प्राप्त हुने पशु चौपाया स्याहारमा प्राप्त हुने रकम
(छ) गौ नन्दी प्रेमी महानुभावबाट प्राप्त हुने रकम
(ज) गौ नन्दी गौशालामा लैजान राख्न लिदा र आफूले लैजाँदा बाट प्राप्त रकम

## परिच्छेद-७
## निर्वाचन अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्थाः

**१९. निर्वाचन सम्बन्धी व्यवस्थाः**

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

२. निर्वाचन समितिले प्रचलीत कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

४. निर्वाचन सम्पन्न भएको भोली पल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२०. उम्मेदवार हुने योग्यताः** कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुन पर्नेछ ।

क) लगातार २ वर्ष सम्म साधरण सदस्य रहेको व्यक्ति ।

ख) उमेर २५ वर्ष पूरा भएको ।

ग) स्थानिय नागरिक/नेपाली नागरीक हुनु पर्नेछ ।

घ) कार्यबिधिमा तोकिए अनुसार अन्य योग्यता पुगेको व्यक्ति तर संस्थापक सदस्यहरुको हकमा यो नियम लागू हुने छैन ।

**२१. अविश्वासको प्रस्तावः**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिम रित पुऱ्याई कार्यबिधिमा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारीक हुनु पर्छ ।

ग) अविश्वासको प्रस्ताव पारित गर्दा समितिका सम्पुर्ण मताधिकार प्राप्त सदस्यको दुई तिहाईले प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२) उपदफा १ बमोजिम समितिमा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभामा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई समितिको दफा १२ बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईने छ ।

३) अविश्वासको प्रस्ताव माथी छलफलको प्रकृया:

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमती दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख) उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उप-दफा (२१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

## २२. अविश्वासको प्रस्ताव माथी निर्णय:

१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा, गर्ने छ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर वा

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२) साधारण सभाको कुल सदस्य संख्याको दुईतिहाई बहुमतले अविश्वासको प्रस्ताव पारीत हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## परिच्छेद-८
## कर्मचारी व्यवस्था:

२३. **कर्मचारी ब्यवस्था सम्बन्धमाः** गौशाला व्यवस्थापनका लागि नगरपालिकाले आवश्यकता अनुसार पशु चौपाया हेरालु ज्यालादारी सेवामा राख्न सक्नेछ सो को खर्च रकम नगरपालिकाले बार्षिक रुपमा बजेट शिर्षकमा छुट्याउने छ।

२४. **कर्मचारीको सेवा सुविधा सम्बन्धी व्यवस्थाः** पशु चौपायाहरुको सेवा सुविधा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । निजहरुले अन्य सुविधा सम्झौता अनुसार प्रचलित कानूनको अधिनमा रही प्राप्त गर्नेछन ।

## परिच्छेद-९
## पशु धनीको काम, कर्तव्य र अधिकार

**२५. बारबर्दिया नगरपालिकामा पशुधनीले देहायको कार्य गर्नु पर्नेछ ।**

क) आफ्नो घरमा पालेका घरपालुवा जनावरको पालन, पोषण गर्ने/गराउने।

ख) आफ्नो घरमा पालेको पशु चौपायाको तथ्याङ्क संकलन तथा अद्यावधिक नियमित रुपमा वडा कार्यालय र पशु सेवा शाखामा उपलब्ध गराउने।

ग) आफु बसोबास गरेको वडा बाहेक अन्यत्र स्थानबाट पशु चौपायाहरु खरिद गर्दा पशु सेवा शाखाबाट अनुमति पत्र लिएर मात्र गर्ने,

(घ) वडा भित्र रहेका गौ नन्दीको व्यवस्थापनका लागि वडा कार्यालयलाई आवश्यक सहयोग गर्ने गराउने।

(ङ) कुनै कृषकले आफ्ना अनुत्पादक गौ नन्दी गौशालामा लिनु परेमा वडा समितिको सल्लाह र निर्णय अनुसार गरिनेछ।

च) समुदायमा पशु विमा अनिवार्य गरिनेछ ।

## परिच्छेद-१०
## आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था

**२६. गौ नन्दी व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यवस्था देहाय बमोजिम हुनेछ ।**

(क) नेपाल सरकारका विभिन्न मन्त्रालय विभाग कार्यालयबाट प्राप्त अनुदान रकम।

(ख) स्थानीय संघ संस्था/व्यक्तिसँग साझेदारी गरी व्यवस्थापन हुने हकमा सम्झौता बमोजिम हुनेछ ।

(ग) नगरपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरी व्यवस्थापन गर्नु पर्ने अवस्थामा गौ नन्दी व्यवस्यापनका लागि आवश्यक हेरालु, गौशाला निर्माण र पशु आहार समेतको लागि आवश्यक पर्ने रकम नगरसभा/नगरकार्यपालिका बाट रकम विनियोजन गर्न सक्नेछ । गौ नन्दी व्यवस्थपन कार्यबाट प्राप्त आयका आधारमा गौ हेरालुको पारिश्रमिकको ज्याला भूक्तानी गर्ने गौ नन्दिका लागि पोषण लगायतका आहाराको ब्यवस्था गर्ने ।

## परिच्छेद-११
## प्रोत्साहन कार्यक्रम

**२७. नगरपालिकाद्वारा प्रदान गरिने प्रोत्साहन कार्यक्रम तपशिल बमोजिम रहने छः**

(१) पशुपालक कृषकलाई आफुले पालेको गौ नन्दीलाई छाडा नछोड्न प्रोत्साहन कार्यक्रम नगरपालिका मार्फत सञ्चालन गरिनेछ।

(२) धेरै संख्यामा गौ नन्दी पाल्ने कृषकको पशुलाई औषधी उपचार पोषण उपकरण गोठ निर्माण र आहार व्यवस्थापनमा सहयोग गरिनेछ।

(३) खुल्ला छोडिएका गौ नन्दीलाई समुदायलाई पहिचान गरी सम्बन्धित कृषकको पहिचान गर्ने र फिर्ता वुझाउन सहयोग गर्ने व्यक्ति चौकिदार वडघर अगुवा जनप्रतिनिधि कर्मचारीलाई विशेष प्रोत्साहन, पुरस्कार नगरपालिकाले गर्नेछ।

## परिच्छेद-१२
## आहारा व्यवस्थापन

**२८.गौ शालामा भएका गौ नन्दी ब्यवस्थापनमा गौ नन्दीका लागिघाँस,आहार,पोषण,दाना,पानी न्यूनतम व्यवस्था हुने छः**

(१) गौ शालामा भएका गौ नन्दी ब्यवस्थापनका लागि **अनुसूची -२** बमोजिमको गौ नन्दीका लागि घाँस,आहार,पोषण,दाना,पानी न्यूनतम व्यवस्था गर्नु पर्ने छ ।

(२) गौशालामा राखिएका गौ नन्दीलाई न्यूनतम जिवन निर्वाहका लागि आहाराको व्यस्थापन, स्रोतको व्यवस्थापन भए सम्म नगरपालिका र समिति विभिन्न संघ संस्था र निकायबाट व्यवस्था मिलाइनेछ।

(३) गौ नन्दीलाई चरणका लागि सम्बन्धित समुदायिक वन धार्मिक वन मध्यवर्ति र निकुञ्ज सँग समन्वय गरी चरिचरणको व्यव्थापन गरिनेछ।

(४) किसानले वारीमा उत्पादन भएको नल/परालालाई गौशालामा निशुल्क रुपमा उपलब्ध गराउन कृषकलाई प्रोत्साहन हुने खालको कार्यक्रम नगरपालिकाबाट सम्बन्धित कृषकलाई उपलब्ध गराइनेछ।

(५) गौशालासँग आस्था भएका महानुभावबाट आवश्यक दानाका लागि आवश्यक कच्चा पदार्थ संकलन गर्न सकिनेछ।

(६) गौ नन्दीको लागि घाँस,दाना,पराल उत्पादनको लागि मेशिन,उपकरण व्यवस्था गरिने छ ।

## परिच्छेद-१३
## गौ नन्दी आश्रय स्थल/वासस्थान/गाइगोठको व्यवस्थाः

### २९. गौ नन्दी आश्रय स्थल/वासस्थान/गाइगोठको व्यवस्थाः

१.गौ शालाका गौ नन्दीको गाइ,गोबर,दुध,दहि र दुधवाट उत्पादित चिज बस्तुको प्रयोग र महत्व **अनुसूची -१** बमोजिमको महत्व हुनेछ ।

२. गौ नन्दी वास वस्न गोठ प्रतिगाई/नन्दीका लागि न्यूनतम **अनुसूची-२** वमोजिमको मापदण्डको आहारा को व्यवस्था हुने छ ।

३. गर्भवती गाई/बाच्छा आमा वस्नका लागी न्यूनतम **अनुसूची-३** वमोजिमको मापदण्ड गाईगोठको व्यवस्था हुनेछ ।

## परिच्छेद-१४
## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

### ३०. यस कार्यविधि बमोजिम कसैले पशु छाडेमा वा व्यवस्थापन कार्यमा असहयोग गरेमा देहाय बमोजिमको दण्ड जरिवाना गरिनेछ ।

(क) पशु धनी कसैले पनि पशु चौपाया छोडी वा लापरवाही गरी कसैको खेतीपाती वा अन्य बालीनाली हानी नोक्सानी भएमा क्षतीको एकीन गरी सम्बन्धित पशुधनी बाट वडा समितिले क्षतीपूर्ती भराई दण्ड सजाय गर्न सक्नेछ ।

(ख) कुनै पशुधनीले पालन गर्दै आएका पशुपंक्षी, छाडा छोडेमा नगरपालिकाले त्यस्ता पशु धनिबाट पहिलो पटक पशु चौपाया छोडे बापत पाँचसय रुपैया र दोस्रो पटक छोडेमा एकहजार रुपैया जरिवाना गरिने छ र सो पछि पनि पटके पिच्छे पाँचसय रुपैया थप गर्दै जरिवाना गरिने छ सो जरिबाना बापतको रकम गौशाला व्यवस्थापन समितिको खातामा जम्मा हुनेछ र त्यस्तो पशु स्वयं पशुधनीलाई फिर्ता गरिनेछ ।

(ग) नगरपालिकासँग सीमा जोडिएका वा अन्य क्षेत्रबाट कसैले पशु छाडेमा सम्बन्धित स्थानीय तह सँग समन्वय गरी सम्बन्धित पशुधनीबाट असुल उपर गरिनेछ ।

(घ) नगरपालिका क्षेत्रभित्र कसैले गौ नन्दी छोडेको जानकारी वडा कार्यालय वा नगरपालिकालाई दिएमा सम्बन्धित सूचकलाई सूचना बमोजिम उठेको जरिवाना रकमको २० प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराईनेछ ।

(ङ) परम्परागत मूल्य र मान्यता, धार्मिक तथा साँस्कृतिक आधारमा पशुचौपायहरुको अवहेलना हुने गरी कसैले छाडा छोडेमा त्यस्तो पशुधनीलाई दोस्रो पटक नगरपालिका वा वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधाबाट वञ्चित गरिनेछ ।

## परिच्छेद-१५
## आम्दानीको स्रोत

**३१. गौ नन्दी पालनबाट प्राप्त हुने आम्दानीको स्रोत तपशिल बमोजिम हुने छः**

१. गौशालाबाट उत्पादित वस्तुहरु विक्री गरि प्राप्त हुने रकम ।

२. पञ्चगव्य विक्री गरि प्राप्त हुने रकम।

३. गोवरमल विक्रि गरि प्राप्त हुने रकम ।

४. गौ नन्दी पाल्न इच्छुक महानुभावलाई उपलब्ध गराए वापत आफुखुसी प्रदान गरिएको रकम ।

५. विभिन्न गौ नन्दी प्रेमी व्यक्ति/संघ/संस्था/कार्यालय/विभाग/मन्त्रालयबाट प्राप्त अनुदान तथा साझेदार रकम।

६. दुधबाट बनेका दुध जन्य प्रदार्थ बिक्रि बितरणबाट प्राप्त आय साथै डेरी उध्योगबाट प्राप्त आय रकम ।

७. गौ मुत्र,गोबर लगायतका चिज बस्तुहरु बिक्रिबाट प्राप्त हुने आय रकम ।

८. गौ बिक्रि गरि प्राप्त हुन आउने रकम ।

## परिच्छेद-१६
## समन्वय तथा समझदारी

३२.यदि कुनै असमझदारी वा अप्ठ्यारो परेको खण्डमा नगरपालिका र समिति विच एकआपसी समझदारीबाट समस्या समाधान गरिनेछ।

## परिच्छेद-१७
## विविध

**३३. निर्देशनको पालनाः** नेपाल सरकार वा स्थानीय अधिकारी वा स्थानीय तहले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तब्य हुनेछ ।

**३४. तदर्थ समितिः**

१. यो समिति स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई कार्यबिधि अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सोको जानकारी बारबर्दिया नगरपालिका स्थानीय अधिकारी लाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

**३५. कार्यविधि संशोधन,हेरफेर र नियम बनाउन सक्ने सम्बन्धी व्यवस्थाः** १.यस कार्यबिधिमा कुनै संसोधन र हेरफेर गर्नु पर्ने भएमा र कार्यान्वयन गर्ने क्रममा नियम बनाउन परेमा नगरकार्यपालिकाले आवश्यक संशोधन, हेरफेर र आवस्यक नियम बनाउन सक्नेछ ।

२. यो कार्यविधि लागु हुनु भन्दा अगाडी गौशाला व्यवस्थापनको लागि भएका, गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसुची -१

## गाइ,गोबर,दुध,दहि र दुधवाट उत्पादित चिज बस्तुको प्रयोग र महत्व

**गाइ,गोबर,दुध,दहि र दुधवाट उत्पादित चिज बस्तुको प्रयोग र महत्व देहाय बमोजिम हुनेछः**

**१.गौ मूत्रको प्रयोगः**

(क) अन्नबालीलाई राम्रो गरी उत्पादन बृद्दिमा सहयोग हुने ।

(ख) अशौच परेको/ मानिसको मृत्यूको १३ दिन सम्म गौ मुत्रको पञ्चामृत प्रयोगबाट शुद्द बनाई शुद्द गर्न सहयोग हुने ।

**२.गोबरको प्रयोगः**

(क) गाइको गोबरले घरको भूई भित्ता लिप पोत गर्ने घरआँगन सफासुग्धर हुने किरा कमिलाको प्रबेश नहुने र यसको गन्धका कारण कुनै पनि स्वास्थ्यलाई हानि नोक्सानी पुर्याउने किटाणुको निशेध हुने ।

(ख) गाइको गोबरको धुप आदि बाल्दा अक्सिजनको बढी मात्रा उत्पादन हुने मानव स्वास्थ्यलाई बढी लाभ हुने ।

(ग) गोबर कम्पोष्ट मलका रुपमा प्रयोग हुने र बालिनालि उत्पादनमा बृद्दी हुने र जमिनको उर्बरा शक्ति बढने।

(घ) गोबरबाट गुइठा बनाइ आगो बाल्न सहयोग हुने ।

(ङ) धार्मिक कार्यहरुमा गाईको गोवरको प्रयोगबाट शुद्द हुने ।

**२.दुध र दुधबाट बनेका अन्य चिजबस्तुको प्रयोगः**

(क) दुध सेवनबाट मानिसको रोग प्रतिरोधात्मक क्षमता बृद्दि हुने र बिबिन्न रोग लाग्नबाट बचाउने ।

(ख) दुधबाट बनेका अन्य चिजबस्तुको प्रयोगबाट मानिसको शरिरलाई चाहिने सबै प्रकारका तत्वहरु प्राप्त हुने ।

## अनुसूची -२

### गौ नन्दी वास वस्न गोठ प्रतिगाई/नन्दीका लागि न्यूनतम मापदण्डको आहाराको व्यवस्थाः

**आहारको व्यवस्थाः-**

एउटा गाई/गोरुको लागि न्यूनतम आहारा  देहाय वमोजिम हुनेछः

क)  हरियो गाँस ३०-४० के.जि. प्रतिदिन

ख)  भुसा/पराल ५ के.जि. प्रतिदिन

ग)  दाना २ देखि ३ के.जी. प्रतिदिन

माथि उल्लेखित आहाराको हकमा यदि चरिचरनको व्यवस्था भएमा दानाको मात्रामा कमि गर्न सकिनेछ ।

# अनुसूची-३
## गाईगोठको मापदण्ड

गर्भवती गाई/बाच्छा आमा वस्नका लागी न्यूनतम निम्न बमोजिमको मापदण्ड गाईगोठको व्यवस्था गरिनेछः

क) १३ मिटर चौडाई १.८ मिटर लम्बाई
ख) २५ से.मि. चौडाई र ८ से.मि. गहिराईको नाली हुनु पर्ने ।
ग) टिन/कर/टायलले छाएको हुनु पर्ने ।